जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ०१ पृष्ठः ४ | २०८३ बैशाख ०५ शनिबार (Saturday 18 April 2026) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

विशेष
kSfz slo



## मार्गानुगामी १३औँ वर्षमा प्रवेश

आजभन्दा ठिक १२ वर्ष अघि देश तरल अवस्थामा रहेकै समयमा मार्गाअनुगामी राष्ट्रिय दैनिकले आफ्नो प्रकाशन आरम्भ गरेको थियो। पहिलो संविधानसभाले संविधान निर्माण गर्न नसकेर अन्यौल छाएकै बेलामा मार्गानुगामीले औपचारीक प्रकाशन सुरु गऱ्यो र आज विभिन्न आरोह अवरोह पार गर्दै १३ औं वर्ष प्रवेश गरेको छ। संघर्ष र सफलताका यी १२ वर्षमा मार्गानुगामीसँग प्रत्यक्ष–अप्रत्यक्ष जोडिनुभएका सबै पाठक, दर्शक, संघसंस्था, व्यक्तित्व, विज्ञापनदाता, कर्मचारी, पत्रकारलगायत सबै सुभेच्छुकमा मार्गानुगामी परिवार हार्दिक धन्यवाद व्यक्त गर्दछ। साथै वार्षिक उत्सवको यो सुखद अवसरमा आगामी दिनहरुलाई पनि जनपक्षिय पत्रकारिताको बलियो मिडिया निर्माण गर्न मार्गानुगामी उस्तै व्यसायीक लगन र स्वाभिमानका साथ लागिरहने प्रतिबद्धता पनि व्यक्त गर्दछ।

मोफसलबाट सञ्चातिल स्वरोजगार तथा साना मिडियाहरु जहिले पनि उपत्यकाको मिडियाहरुको कोपभाजनमा पर्दै आएको सर्वविधितै छ। त्यसमाथि नितीगत असहजताका कारण पनि मोफसलका मिडियाहरुले सास्ती भोग्दै आएको छ। स्थानीय तहबाट प्रकाशन/प्रशारण हुने विज्ञापन पनि केन्द्रीय मिडियाहरुकै कब्जामा थियो। यसको मार झेल्दै ग्रामिणक्षेत्रका गरिब, उपेक्षित र सीमान्तकृत जनताको आवाज बोक्नु चुनौतीपूर्ण छ। उपत्यकाका मिडियाहरुबाट बचेखेचेका सूचना तथा विज्ञापनबाट जसोतसो धान्दै आएको मोफसलका मिडिया वर्तमान सरकारले 'सरकारी विज्ञापन' गोरखापत्र, रेडियो नेपाल र नेपाल टेलिभिजनजस्ता सरकारी मिडियाबाट मात्र गर्ने निर्णयले कोमामा पुगेको छ। यो सरकारी निर्णय विभेदपूर्ण छ। खेदजनक छ र मोफसलका स्वरोजगार सानालगानीका मिडियाहरुको विरुद्ध छ। यो निर्णय तुरुन्त फिर्तालिन जोडदार माँग पनि गर्दछ।

थुप्रै असुविधाको बीचबाट सानो टिमले शुरु गरेको मार्गानुगामीसँग शुरुवातमा आफ्नै विवेक र पसिनाको बल सिवाय केही थिएन सबैभन्दा ठूलो शक्ति भनेको आत्मविश्वास र जनताको सत्य बोल्ने साहस हो भन्ने विचारलाई पक्रेर मार्गानुगामीले १२ वर्षसम्म संघर्षका असंख्य पाइलाहरु चाल्दै आएको छ। टेलिभिजन, रेडियो लगायतका परम्परागत मिडियाको भिडसँगै सुरुभएको यो पत्रिका आज नयाँ डिजिटल युगसँग संघर्ष गरिरहेको छ। यो संघर्षमा आफुलाई फरक देखाएर ठिङ्ग उभिन सक्नु यसको आवाज विहिनको आवाज, निष्पक्ष र स्वतन्त्र तथा व्यवसायीक व्यवहार नै हो। यस्ता सबै चुनौतीको सामना गर्दै अविचलित ढंगले अघि बढिरहेको छ। परिवर्तन विरोधी कुलीनहरुले मार्गानुगामीको आत्मविश्वासमा प्रहार गर्न पनि यो बीचमा छाडेनन् र हामीलाई विश्वास छ उनीहरु त्यस्तो कर्म भोली पनि गरि नै रहनेछन्।

तर हामी हाम्रा पाठक, दर्शक र सुभेच्छुकहरुलाई के विश्वास दिलाउन चाहन्छौं भने मार्गानुगामी कुनै पनि चुनौतीका सामु झुक्नेछैन। मार्गानुगामी चुनौतीको पहाड सामुन्ने उभिएको त्यो किसान जस्तो हो जसले कुटोले खनेरै पनि यो पहाड छिचोलेर बाटो बनाउने संकल्प लिएको छ। हामी यो सुनाउन पाउँदा गर्विलो भएका छौं कि भर्खरै हामीले ७बचनबलगनकषअफ अनलाइन शुरु गरेका छौं। मार्गानुगामीलाई जनपक्षिय ग्रामिण पत्रकारिताको एउटा पूर्ण मिडिया बनाउने हाम्रो प्रयत्नको सदैव रहिरन्छ। मार्गानुगामीलाइ marganugami.com अनलाइन टिभीलाई हामी छिटै नै एक बलियो श्रव्यदृश्य मिडियाका रुपमा विकसित गर्ने अभियानमा छौं। आवाज विहिनहरुको आवाज बन्दै आएको ग्रामिण पत्रकारिताको हाम्रो अविचल प्रयत्नलाई भविश्यमा पनि पाठक, दर्शक, सुभेच्छुक, विज्ञापनदाता लगायत सबैले उसैगरी साथ दिनुहुनेछ भन्ने हाम्रो अटल विश्वास छ।

१३ वार्षिक उत्सवको यो अवसरमा सबैलाई बधाई तथा शुभकामना !

**रामबाबु यादव**
प्रकाशक
मार्गानुगामी राष्ट्रिय दैनिक

## लहानमा क्रिकेट रंगशाला निर्माण सुरु

**जीवछ यादव**

लहान, ४ वैशाख। लहान नगरपालिका–४ स्थित खुटी नदीको दक्षिणी भागमा रहेको खाली ठूलो मैदानमा 'यज्ञभूमि क्रिकेट रंगशाला' निर्माण कार्य सुरु भएको छ। लहान नगरपालिकाका नगरप्रमुख महेशप्रसाद चौधरी, प्रमुख प्रशासकीय अधिकृत जयकान्त झा, इन्जिनियर अनिक यादव र विनोद यादवले बिहीबार सामूहिक रूपमा भूमि पूजा गर्दै निर्माण कार्यको शुभारम्भ गर्नुभएको हो। सञ्जय जेसी–तनिक्षा जेभी, काठमाडौँले बिना भ्याट चार करोड ९२ लाख ६५ हजार ६८२ रुपियाँमा



२०८३ चैत २३ गतेसम्म सम्पन्न गर्ने गरी ठेक्का लिएको छ। उक्त योजनाको सम्झौता २०८२ चैत २३ गते भएको थियो।

लहान नगरपालिकाका क्रिकेट खेलाडीहरूको लामो समयदेखिको माग पूरा गर्ने उद्देश्यले अथक प्रयासपछि रंगशाला निर्माण सुरु गरिएको नगरप्रमुख चौधरीले बताउनुभयो। यसअघि २०८० चैत ३ गते नगरप्रमुख महेशप्रसाद चौधरी र उपप्रमुख रामचलितर महतोले संयुक्त रूपमा यज्ञभूमि क्रिकेट मैदानको शिलान्यास गरेका थिए। पुनः शिलान्यास गरिएको विषयमा सञ्चारकर्मीहरूको जिज्ञासामा नगरप्रमुख चौधरीले भन्नुभयो, "त्यतिबेला क्रिकेट पिच निर्माणका लागि शिलान्यास गरिएको थियो, अहिले भने रंगशाला निर्माणका लागि गरिएको हो।"

रंगशाला निर्माण सुरु भएसँगै लहानका क्रिकेट खेलाडीहरू उत्साहित भएका छन्। "लहान खेलप्रेमीहरूको नगरी हो, रंगशाला निर्माण भएपछि यहाँबाट उत्कृष्ट खेलाडी उत्पादन हुनेछन्," स्थानीय खेलाडी मनोज सहनीले बताउनुभयो।

## गोलबजारका स्वास्थ्यकर्मीलाई शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन सम्बन्धी तालिम

गोलबजार, ४ बैशाख। सिरहाको लहान नगरपालिकाका स्वास्थ्यकर्मी तथा पोषणसम्बन्धी फोकल पर्सनहरूकालागि 'शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन (परिमार्जित २०८१) सम्बन्धी तिन दिवसीय तालिम सञ्चालन गरिएको छ। दलित विकास मञ्चको आयोजना, हेलेन केलर इन्टरनेशनलको आर्थिक सहयोग तथा गोलबजार नगरपालिकाको समन्वयमा गोलबजारमा तालिमको आयोजना गरिएको हो।

कुपोषण भएका बालबालिका तथा आमाहरुको समयमै पहिचान गरी प्रभावकारी व्यवस्थापनका लागि स्क्रिनिङ कार्यका लागि तालिमको आयोजना गरिएको आयोजकले जनाएको छ। तालिमले कुपोषणबाट प्रभावितहरुको सहि पहिचान गर्न सहज हुने आयोजकले बताए। नगरपालिका प्रमुख श्याम कुमार श्रेष्ठले तालिमले तपाईहरुकै

–बाँकी दुई पेजमा

तराई मधेशको लोकप्रिय पत्रिका
मार्गानुगामी राष्ट्रिय दैनिक
१३औं वर्षमा प्रवेश

हार्दिक शुभकामना



सिरहाको गोलबजारबाट प्रकाशित 'मार्गानुगामी राष्ट्रिय दैनिक' र www.marganugami.com १२ वर्ष पार गरी १३ वर्षमा प्रवेश गरेको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु।

**रामचन्द्र यादव**
सिरहा जिल्ला सभापति
नेपाली कांग्रेस

तराई मधेशको लोकप्रिय पत्रिका
मार्गानुगामी राष्ट्रिय दैनिक
१३औं वर्षमा प्रवेश

हार्दिक शुभकामना



सिरहाको गोलबजारबाट प्रकाशित 'मार्गानुगामी राष्ट्रिय दैनिक' र www.marganugami.com १२ वर्ष पार गरी १३ वर्षमा प्रवेश गरेको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु।

**सुरेन्द्र पौडेल**
प्रमुख जिल्ला अधिकारी, सिरहा

तराई मधेशको लोकप्रिय पत्रिका
मार्गानुगामी राष्ट्रिय दैनिक
१३औं वर्षमा प्रवेश

हार्दिक शुभकामना



सिरहाको गोलबजारबाट प्रकाशित 'मार्गानुगामी राष्ट्रिय दैनिक' र www.marganugami.com १२ वर्ष पार गरी १३ वर्षमा प्रवेश गरेको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु।

**महेश प्रसाद चौधरी**
मेयर (नगर प्रमुख)
लहान नगरपालिका, सिरहा

तराई मधेशको लोकप्रिय पत्रिका
मार्गानुगामी राष्ट्रिय दैनिक
१३औं वर्षमा प्रवेश

हार्दिक शुभकामना



सिरहाको गोलबजारबाट प्रकाशित 'मार्गानुगामी राष्ट्रिय दैनिक' र www.marganugami.com १२ वर्ष पार गरी १३ वर्षमा प्रवेश गरेको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु।

**श्याम श्रेष्ठ**
मेयर (नगर प्रमुख)
गोलबजार नगरपालिका, सिरहा

# सम्पादकीय

## मधेशको ग्रामिण आवाज

१२ वर्षअघि आजैको दिन (२०७० बैशाख ५ गते)को बिहानीसँगै हामीले मार्गनुगामी राष्ट्रिय दैनिक पत्रिका पाठकमाझ ल्याएका थियौँ। हिजोजस्तो लाग्ने त्यो दिन आज १३ वर्षमा प्रवेश गरेको सुखद खबर सुनाउन पाउँदा हामी ज्यादै हर्षित र खुसी भएका छौँ ।

देशमा पहिलो ऐतिहासिक संविधानसभाको निर्वाचनबाट संविधान बन्न नसकिरहेको राजनीतिक सङ्क्रमणको अवस्थामा गहन जिम्मेवारीबोध गर्दै ग्रामिण पाठकमाझ उपस्थित मार्गनुगामी राष्ट्रिय दैनिकको अविरल यात्रामा निरन्तर साथ र सहयोग गर्नु हुने पाठक, श्रोता–दर्शक, पत्रकार, लेखक, विज्ञापनदाता, शुभेच्छुकलगायत सबै सबैप्रति हामी हार्दिक आभार प्रकट गर्दछौँ।

हाम्रा आदरणीय पाठक, श्रोता–दर्शकलाई थाहै छ, मार्गनुगामी राष्ट्रिय दैनिक पत्रिका तथा अनलाईनले समाचार, फिचर, विचारहरू निरन्तररुपमा पस्किने कार्य गरिरहेको छ। हो, सूचना–प्रविधिको विकाससँगै सामाजिक सञ्जालको उछाल र परम्परागत सञ्चारमाध्यमको मझधारबाट हामी अगाडि बढ्न भरमगदुर प्रयास गरिरहेका छौँ। डिजिटल युगले सूचना छिटो–छिटो प्रसार गरिरहेको भएपनि यो पत्रकारिताको चुनौतीपूर्ण यात्रा हो। यद्यपि सत्य र निष्पक्ष सामग्रीका लागि मार्गनुगामी राष्ट्रिय दैनिक पत्रिकाले सधैं सजगता पूर्वक काम गरिरहनेछ।

यो यात्राका क्रममा राष्ट्र, राष्ट्रियता, संविधान र यसले व्यवस्थित गरेका उपलब्धि र नागरिक अधिकारहरूको रक्षार्थ मार्गनुगामी चट्टानझैँ उभिने प्रण गर्दछ। अहिले राजनीतिले स्थिरता कायम गरेको भएपनि अझै 'टेस्ट' कै चरणमा छ यसले के गर्छ भन्ने अझै हेर्न बाँकी नै छ। यसले गरेका कतिपय अपरिपक्व निर्णयले भने साना तथा स्वरोजगार नेपाली मिडिया जगत झन अपठेको परेको छ। निजी लगानीलाई प्राथमिकता दिने सरकारी नितीको पनि यो निर्णयले खिल्लि उडाएको छ। सरकारले सरकारी विज्ञापन गोरखापत्र, नेपाल टेलिभिजन र रेडियो नेपाललाईमात्र दिने निर्णय फिर्ता लिनु नै उनको निम्ति हितकर हुन्छ।

१२ वर्षको अवधिमा मार्गानुगामी राष्ट्रिय दैनिक पत्रिकाले राजनीतिक अस्थिरता, २०७२ सालको भूकम्प, २०७६/७७ को कोरोना माहामारी, २०८२ भदौको उथलपुल जस्ता घटना व्यहोरेको छ। राजनीतिक तथा प्राकृतिक उथलपुलकै क्रममा यात्राको थालनी गर्दा हामीसँग केवल अठोट र आँट थियो, आज १२ वर्षे अनुभवले खारिएका छौँ। दिनहुँ हजारौं पाठक, दर्शक–श्रोताको अपार मायाबाट प्राप्त उत्प्रेरणाले हामीलाई थप हौसला र टेवा मिलेको छ। यही बलमा अहिले हामीले अक्षरसँगै अडियो–भिडियोमार्फत नागरिकलाई सुसूचित गरिरहेका छौँ। संघीयताको मर्म बमोजिम मधेश प्रदेशका ग्रामिण जनताका खबर, विचार र आवाज हाम्रो पुँजी, शक्ति र सङ्कल्प हो। यो संकल्प यहाँहरू सबैको अझ बढी साथ, सहयोग र स्नेहबाट मात्र साकार हुन सक्छ।

# डिजेल महँगो हुँदा किसानलाई मार

**जनार्जन खत्री**

सर्लाही, ४ वैशाख। मध्यपूर्वमा जारी द्वन्द्वका कारण डिजेलको मुल्य निरन्तर बढ्दा किसान मारमा परेका छन्। एक महिनाको अवधिमा डिजेलको मुल्य दोब्बरले वृद्धि हुँदा पम्पसेट चलाएर सिँचाइ गर्ने र ट्याक्टर लगाएर खेतबारी जोत्ने खर्च धान्नै नसक्ने अवस्था आएको किसानको गुनासो छ। सर्लाहीमा अहिले डिजेलको मूल्य प्रतिलिटर २३६ रुपियाँ पुगेको छ।

जिल्लको चन्द्रनगर गाउँपालिका–२, बडकुर्बाका किसान रामजोबित महतोले हाइब्रिक मकैमा भर्खरै घोगा लागेकाले महँगो मूल्यको डिजेल हालेर निरन्तर सिँचाइ गरिरहनुपरेको गुनासो गर्नुभयो। १५ कट्ठामा मकै खेती गर्नुभएका महतोले डिजेलको मूल्य वृद्धि भएसँगै आफूहरुले फलाएको कृषि उपजको पनि मूल्य वृद्धि हुनुपर्ने बताउनुभएको छ। "डिजेल जति नै महँगो भए पनि मकैको घोगा हरियो नै रहेकाले पप्पसेट चलाएर पानी पटाउनै पर्यो," महतोले भन्नुभयो, "यस्तो महँगो इन्धन जलाएर किसानले फलाएको मकै र तरकारीको पनि मूल्य बढ्नुपर्छ।" सर्लाहीसहित मधेश क्षेत्रमा अहिले चर्को घाम लाग्न थालेकाले मकै, तरकारीलगायतका बाली सुक्न नदिन बारम्बार सिँचाइ गर्नुपर्ने अवस्था रहेको किसानले बताएका छन्।

डिजेल महँगो भएसँगै ट्याक्टरधनीले खेतबारी जोतेको पैसा पनि बढाएका छन्। गहुँ बाली भित्र्याइसकेको र बाँझो रहेको खेतबारीमा अहिले ट्याक्टरले जोतेर कतै चैते धान रोप्ने त कतै मकै छर्ने काम भइरहेको छ। ईश्वरपुर नगरपालिका–१०, बेलाका लक्ष्मीनारायण चौधरीले डिजेलको मूल्य अत्यधिक बढेसँगै ट्याक्टरले एक घण्टा जोतेको दुई हजार पाँच सय रुपियाँसम्म लिन थालेको गुनासो गर्नुभयो। किसानले यसअघि ट्याक्टरमार्फत खेतबारी जोताउँदा प्रतिघण्टा एक हजार चार सयदेखि एक हजार छ सय रुपियाँसम्म तिर्ने गरेका थिए।

"इन्धनको मूल्यवृद्धिले त किसानलाई सारै गाह्रो पार्यो," चौधरीले गुनासो गर्दै भन्नुभयो, "तेलको मूल्य त बढेको बढ्यै छ, तर किसानले फलाएको अन्नबालीको मूल्य पनि उहि नै हो।" जिल्लामा नेपाल विद्युत प्राधिकरण र पालिकाहरुले धेरैजसो ठाउँमा कृषि विद्युतीकरण गरे पनि बिजुली नपुगेको ठाउँका किसान पम्पसेटकै भरमा सिँचाइ गर्न बाध्य रहेका छन्।

# विद्यालय भर्ना सुरु गर्न स्थानीय सरकारको आग्रह, संघीको निर्णय नमान्ने

काठमाडौं, ४ बैशाख। नगरपालिका संघ र गाउँपालिका महासंघले विद्यार्थी भर्ना र पठनपाठनलगायत शैक्षिक गतिविधि अघि बढाउन देशभरका सबै स्थानीय तहलाई आग्रह गरेको छ। नगरपालिका र गाउँपालिकाको जनप्रतिनिधिको छाता संस्था नगरपालिका संघ र गाउँपालिका महासंघले संघीय सरकारको निर्णयमा असहमति जनाउँदै स्थानीय तहको अनुकुलतामा विद्यालय सञ्चालन गर्न भनेका हुन्। नगरपालिका संघका अध्यक्ष भीमप्रसाद ढुंगाना र गाउँपालिका महासंघका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले स्थानीय तहलाई संयुक्त रूपमा आग्रह गर्दै संविधान अनुसार विद्यालय शिक्षाको अधिकार स्थानीय तहको भएकाले त्यसैअनुसार शैक्षिक क्रियाकलाप अघि बढाउन भनिएका छन्।

'विद्यालय शिक्षा सञ्चालनसम्बन्धी स्थानीय सरकारको जिम्मेवारीअनुसार निर्माण भएका स्थानीय कानुन, स्थानीय परिवेश, आवश्यकता तथा अभिभावकसँगको परामर्शका आधारमा भर्ना प्रक्रिया सुरु गरी पठनपाठन सुचारु गर्न सबै गाउँरनगरपालिकाहरूलाई अनुरोध गरिन्छ,' पत्रमा भनिएको छ। विद्यालय सञ्चालनका लागि न्यूनतम मापदण्ड नेपाल सरकारले निर्धारण गर्ने भए पनि ती मापदण्डभन्दा उच्च गुणस्तर कायम गर्ने उद्देश्यले स्थानीय सरकारले गर्ने कुनै पनि असल कार्यलाई कुनै कानुनी अवरोध नहुनेतर्फ विश्वस्त रहन स्थानीय तहलाई आश्वस्त पारिएको छ।

उनीहरूले विद्यालय शिक्षाका विषयमा निर्णय गर्दा शिक्षा सञ्चालन र नियमनको जिम्मेवारी संविधानले स्थानिय तहलाई एकल रुपमा दिएका कारण तहगत सरकारबीचमा आवश्यक समन्वय हुनुपर्ने बताएका छन्। सरकारले वैशाख १५ गतेबाट शैक्षिक सत्र सुरू हुने र वैशाख २१ गतेदेखि नै पठनपाठन सञ्चालन गर्ने निर्णय गरेको छ। जसको विरोध गर्दै केही स्थानीय तहले भर्ना अभियान सुरु गरिसकेका छन्।

# आँखा स्वास्थ्य सेवामा 'डिजिटल' युगको सुरुआत : विराटनगर आँखा अस्पतालमा 'डिजिटल ट्रेनिङ हब' सञ्चालन

विराटनगर, ५ वैशाख। नेपालको आँखा स्वास्थ्य क्षेत्रमा नवप्रवर्तन, गुणस्तर र पहुँच विस्तारमा नयाँ मानक स्थापित गर्ने ध्येयले विराटनगर आँखा अस्पतालमा अत्याधुनिक 'डिजिटल ट्रेनिङ हब' सञ्चालन ल्याइएको छ। नेपाल नेत्रज्योति सङघद्वारा सञ्चालित सो अस्पतालमा अर्बिस इन्टरनेशनलसँगका सहकार्यमा लहान आँखा तथा कान स्वास्थ्य सेवा प्रणाली (लिक्स) अन्तर्गत पहिलो पटक 'डिजिटल ट्रेनिङ हब' थालनी गरिएको हो ।

नेपालमै पहिलो पटक स्थापना गरिएको सो 'हब'ले विशेष गरेर आँखा स्वास्थ्य सेवामा परम्परागत शिक्षण पद्धतिबाट प्रविधिमा आधारित आधुनिक चिकित्सा तालिमतर्फ ऐतिहासिक फड्को मार्ने अपेक्षा गरिएको छ। अत्याधुनिक 'सर्जिकल सिमुलेटर', 'वेट ल्याब', 'भर्चुअल लर्निङ सिस्टम' तथा 'साइबर साइट' मार्फत उपलब्ध विश्वव्यापि टेलि–मेन्टोरिङ सुविधासहित चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले अझ सुरक्षित, भरपर्दो र आत्मविश्वासका साथ सो तालिम केन्द्रबाट सीप विकास गर्न सक्ने जनाइएको छ।

लिक्स परियोजनाअन्तर्गत सञ्चालन हुने तालिममा नेपालभरिका आँखा अस्पताल, मेडिकल कलेज, निजी तथा सरकारी स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिका साथै अन्तरराष्ट्रिय स्वास्थ्य संस्थाका पेशाकर्मीहरूको समेत सहभागिता रहनेछ। तालिमहरू विश्वस्तरका अनुभवि विशेषज्ञहरूद्वारा सहजिकरण गरिने नेपाल नेत्रज्योति सङघले जनाएको छ। यस केन्द्रले स्वास्थ्य सेवा सुदृढीकरणसँगै अन्तरराष्ट्रिय प्रशिक्षार्थी आकर्षित गरी चिकित्सा शिक्षा पर्यटन प्रवर्द्धन गर्ने तथा महँगो विदेश तालिममा निर्भरता घटाउने अपेक्षा गरिएको छ। साथै यससँगै विराटनगर आँखा अस्पताल एक अग्रणी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय तालिम केन्द्रका रूपमा स्थापित हुने विश्वास गरिएको छ।

लहान आँखा तथा कान स्वास्थ्य सेवा प्रणालीका (लिक्स) प्रमुख प्रशासक सुधिर ठाकुरका अनुसार लिक्स अन्तर्गत सञ्चालित यस सञ्जालले दुई अस्पताल तथा ४० भन्दा बढी आँखा उपचार केन्द्रमार्फत शहरीदेखि दूर्गम क्षेत्रसम्म सेवा विस्तार गर्दै आएको छ। सन् २०२५ मा मात्र १४ लाखभन्दा बढी आँखा सेवा प्रदान गरिएको छ, यसमा १ लाख ३२ हजारभन्दा बढी दृष्टि पुनःस्थापना शल्यत्रिकया तथा ७ लाख ६४ हजारभन्दा बढी सामुदायिक सेवा समावेश छन्। स्थापना कालदेखि हालसम्म १ करोड ६६ लाखभन्दा बढी सेवा र झण्डै २५ लाख शल्यक्रिया भइसकेका छन्।

नेपालको आँखा स्वास्थ्य सेवामा ऐतिहासिक उपलब्धि हाँसिल हुने अपेक्षा गरिएको सो 'हब'को कोशी प्रदेशका स्वास्थ्य मानबहादुर लिम्बू तथा अर्बिस इन्टरनेशनलकी अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत क्याथलिन ए. शेरविनले हालै संयुक्त रूपमा शुभारम्भ गर्नुभयो। सो अवसरमा नेपाल नेत्रज्योति सङ्घका अध्यक्ष प्राडा चेतराज पन्त, महासचिव भरतबहादुर चन्द, कार्यकारी निर्देशक डा. शैलेशकुमार मिश्र, विराटनगर आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष पद्मनारायण चौधरी तथा अर्बिस इन्टरनेशनल भारतका देशीय निर्देशक डा ऋषिराज बोहरा लगायतको उपस्थिति थियो।

'डिजिटल ट्रेनिङ हब'ले नेपालको आँखा स्वास्थ्य क्षेत्रमा नवप्रवर्तन, गुणस्तर र पहुँच विस्तारमा नयाँ मापदण्ड स्थापित गर्दै रोकथामयोग्य अन्धोपन न्यूनीकरणमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

## गोलबजारका...



दक्षतामा वृद्धिहुने भएकाले उत्सुकताकासाथ सहभागीहुन आग्रह गरे। उनले भने, 'यस्ता खालका तालिमहरुले व्यक्तिको आफ्नै विकास हुने हो। यसले तपाईंहरुको काममा पनि सहजता आउँछ। त्यसैले पनि तपाईहरु सक्रियताका साथ सहभागी हुनुहोस्।'

तालिम पश्चात तपाईहरुले गर्ने काममा निखारता आउने विश्वास व्यक्त गर्दै नगरप्रमुख श्रेष्ठले अझैपनि हाम्रा नानी र आमाहरु कुपोशषणको शिकार हुने गरेको प्रति चिन्ता व्यक्त गरे। उनले समयमै कुपोषण पिडितको पहिचानगरी त्यसको निराकरण गर्न सवैको साथ र सहयोगको आवश्यकता रहेको बताए। उद्घाटन कार्यक्रममा दलित विकास मञ्चका कार्यकारी निर्देशक संजय महराले सम्पूर्ण सहभागीलाई सक्रियता पूर्वक तालिममा भाग लिन आग्रह गरे। उनले यो तालिमले तपाईहरुले भोली गर्ने काममा सहयोग पुग्ने विश्वास व्यक्त गरे।

शुक्रबारबाट सुरुभएर तीनदिनसम्म चल्ने तालिममा गोलबजार नगरपालिका स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरुको सहभागीता रहेको आयोजकले जनाए। तालिमको सहजिकरण नगर स्वास्थ्य शाखा प्रमुख सरोज कुमार कर्ण, संस्थाका कर्मचारीलगायतले गर्ने आयोजकले जनाए। उद्घाटन कार्यक्रमको सञ्चालन गोलबजार स्वास्थ्य शाखाका पवन कुमार पञ्जियारले गरेका थिए।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# पकडियागढ र पतारीपोखरीमा भक्तजनको घुइँचो



**जीवछ यादव**

लहान, ३ वैशाख। सिराहाको धार्मिक पर्यटकीय स्थलमध्ये लहान नगरपालिका–१८, पकडियागढ र लक्ष्मीपुरपतारी–३, पतारी पोखरीमा वैशाख २ गते भक्तजनको ठुलो घुइँचो लागेको थियो। वैशाख १ गते भारतको विभिन्न प्रान्तबाट र नेपालका अन्य जिल्लाबाट आएका भक्तजनहरू सलहेस फूलबारीको मेला सकेर पकडियागढ र पतारीपोखरीतर्फ लागेका थिए। लहान नगरपालिकाको लहान मुख्यचोकबाट आठ किलोमिटर उत्तरमा पकडियागढ पर्दछ भने १० किलोमिटर पश्चिम दक्षिणमा पतारीपोखरी रहेको छ। यी दुबै ठाउँमा परापूर्वकालदेखि नै धार्मिक मेला लाग्दैआएका छन्।

चार दिन अगाडि नै भारत विहारका विभिन्न जिल्लाबाट हजारौंको संख्यामा आएका भक्तजनहरू सलहेस फूलबारीमा वैशाख १ गतेको सलहेसको पूजापाठ गरी दर्शन गरेर वैशाख २ गते बिहान पकडियागढ पुगेर १२ बजेतिर पतारीपोखरी हुँदै घरतर्फ फर्किने गर्दछ। यसवर्ष विगत वर्षको तुलनामा भक्तजनको संख्या उल्लेखनीय थियो।

**पकडियागढ र सलहेस**

पकडियागढको राजा कसलेश्वरको सिंह दुनुवारको राज्यमा सलहेस चौकीदारको रूपमा थियो। दरबारमा रहेका सयौ चौकीदारमध्ये सलहेस प्रथम थिए। पहलवानी कुस्तीमा सलहेसलाई कसैले पनि हराउन सकेका थिएनन्। राजा कुलेश्वरको छारी चन्द्रवतीप्रति मोहित भएर चुहरमल मोहित भएर चोरी गरेर गंगा नदी किनारमा रहेको मुकामा अपहरणको शैलीमा लगेको जनश्रुति रहेको छ।

यो कुरा प्रतिनिधिसभा सदस्य स्वर्गीय नथुनीसिंह दुनुवारले लेख्नु भएको लोक नायक सलहेस पुस्तकमा उल्लेख छ। त्यस पुस्तकमा उल्लेख भए अनुसार राजाको छोरीलाई चुहरमलबाट मुक्त गराउनुको साथै चुहरमललाई पक्रेर राजाको दरबारमा हाजिर गराउने सलहेस पकडियागढमा फैलिएको आराजकताको अन्त्य गरी न्याय दिलाउने पराक्रमी योद्धा सलहेसलाई लोकनायक बन्ने अवसर पकडियागढ राज्यमा प्राप्त भएको थियो।

अहिले पकडियागढमा भाकल गरेपछि मनोकामना पूरा हुने र न्याय प्राप्ति हुने अगाध विश्वासको कारण वैशाख २ गते लाखौंको संख्यामा भक्तजनको घुइँचो लाग्ने गर्दछ। लहानको मुख्य चोकबाट सलहेस सर्किट अन्तर्गत पिच सडक निर्माण पकडियागढमा चन्द्रवती मन्दिर धर्मशाला निर्माण कार्य गर्न मधेश प्रदेश सरकार र लहान नगरपालिकाको सयोगमा सम्पन्न भएकाले भक्तजनको घुइँचो बर्सेनि बढ्दै गइरहेको लहान नगरपालिका वडा १८ का वडाध्यक्ष मोहम्मद शमशेरले जानकारी गराउनुभयो।

उहाँको अनुसार यस वर्ष तुलनात्मक रूपमा मौसमले साथ दिएपछि भक्तजनको घुइँचो उल्लेखनीय रहयो। बाह्रै महिना पर्यटक भित्र्याउने कार्यका लागि प्रचार–प्रसार थप व्यवस्थापनमा लागेको उहाँले प्रष्ट पार्नुभयो।

**पतारीपोखरी मेला**

कर्णाटक वंशको प्रतापी राजा सिमरौन गढको राजा हरिसिंह देवको स्थान पतारी पोखरीको दक्षिणी डिलमा अवस्थित छ। प्रत्येक वर्ष वैशाख १ र २ गतेको शुभमुहुर्तमा श्रद्धालु भक्तजनको भाकल अनुसार पूजापाठ गर्ने परम्परा रहेको छ। सबैभन्दा महत्त्वपूर्ण पूजा फूलहाइस र पोखरीमा गोहरियाले डुबुल्की लगाइ प्राप्त गरेको माछा, सर्प, गङ्गोटीको जन्तर बनाइ आशीर्वाद लिने गर्दछ।

नयाँ वर्ष वैशाख १ गतेको रात्रिमा राजाहरिसिंह देवको गहवरमा पूजारीले गर्ने पूजालाई नै फूलहाइस भनिन्छ। सन्तान नहुने महिलाले पतारी पोखरीमा डुबुल्की लगाएपछि गहवरमा फूलहाइसको प्रसादी लिएर गएपछि सन्तान सुःख प्राप्ती हुने गरेको जनविश्वासले पतारीपोखरीमा भारतीय भक्तजनहरूको घुइँचो उल्लेखनीय संख्यामा मेलामा रहने गर्दछ।

मधेश प्रदेश सरकार र लक्ष्मीपुरपतारी गाउँपालिकाले पोखरीको सौन्दर्यीकरण र हरिसिंहदेवको मन्दिर निर्माणमा करोडौं लगानी गरिएको लक्ष्मीपुरपतारी गाउँपालिका अध्यक्ष चतुरानन्द ठाकुरले बताउनुभयो। यस वर्ष सलहेस फूलबारी पतारीपोखरी यस धार्मिक पर्यटकीय स्थलमा सिराहा १ र २ का प्रतिनिधिसभा सदस्यहरू क्रमशः बब्लु गुप्ता र शिव शङकर यादव आफैं मेला अवलोकन गर्नुभयो।

उहाँहरूले विश्वास व्यक्त गर्नुभयो, "धार्मिक पर्यटन क्षेत्रको रूपमा रहेको सलहेससँग जोडिएको सलहेस फूलबारी, पकडियागढ, मानिकदह र सिराहाको मैसोथा, भगवान्पुरको बालासुन्दरी लगायतको पर्यटकीयस्थलले बाह्रै महिना पर्यटकीय भित्र्याउने गरी सङ्घीय सरकारको अगुवाइ प्रदेश र स्थानीय सरकारको सक्रिय पहलकदमी लिइने गरी वातावरण बनाउने छौं।

# वैदेशिक रोजगारीको विकल्प बन्दै ई रिक्सा

**यादवराज पुरी**

रौतहट, ४ वैशाख। पछिल्लो समय रौतहटको चन्द्रपुर नगरपालिका क्षेत्रमा तीन पाङ्ग्रेविद्युतीय रिक्सा (ई–रिक्सा) वैदेशिक रोजगारीको विकल्प बन्दै गएको छ। स्वदेशमै आयश्रुक्रबार्नेको भरपर्दो माध्यम बनेको ई रिक्साप्रति वैदेशिक रोजगारीको जोखिम र अनिश्चितताबाट थाकेका युवादेखि मध्यम उमेर समूहका नागरिक आकर्षित भइरहेका छन्।

चन्द्रपुर–६ का रिक्सा व्यवसायी उमेश झा भन्नुहुन्छ, "कम लगानी, सहज सञ्चालन र दैनिक नगद आम्दानीको सुनिश्चितताले ई–रिक्सा अधिकांश सर्वसाधारणको रोजाइको पेशा बनेको छ। विदेश जाँदा लाखौं खर्च हुन्छ। जोखिम पनि धेरै हुन्छ। तर यहाँ ई–रिक्सा चलाउँदा दैनिक खर्च धान्न पुग्छ र बचत पनि गर्न सकिन्छ।" विशेषगरी वैदेशिक रोजगारीबाट फर्किएका युवा ई–रिक्सामा आकर्षित भएका छन्। विदेशमा भोगेको दुःख, असुरक्षा र परिवारबाट टाढा रहनुपर्ने बाध्यताभन्दा स्वदेशमै सम्मानपूर्वक काम गर्नु राम्रो विकल्प भएको मलेसियाबाट फर्किएका युवा जयराम चौधरीको अनुभव छ। ई–रिक्सा संघ चन्द्रनिगाहपुरका अध्यक्ष मोमताज आलमले ई रिक्सा सञ्चालनबाट दैनिक जीवनयापन सहज बनाएको मात्र नभई परिवारको आर्थिक अवस्था सुधार्न समेत टेवा पुगेको बताउनुभयो।

उहाँका अनुसार बिहानदेखि साँझसम्म सञ्चालन गर्दा दैनिक एक हजार पाँच सयदेखि दुई हजार रुपियाँसम्म आम्दानी हुने हुँदा यसले घरखर्च, बालबालिकाको शिक्षा र स्वास्थ्यमा सकारात्मक प्रभाव पारेको देखिन्छ। चन्द्रपुर बजार क्षेत्रमा यात्रुहरूको चाप बढेसँगै ई–रिक्साको माग पनि बढ्दो छ। छोटो दूरीका यात्राका लागि सस्तो, सजिलो र वातावरणमैत्री साधन भएकाले सर्वसाधारणले पनि यसलाई रुचाएका छन्। पेट्रोलियम पदार्थको सट्टा विद्युत् प्रयोग हुने भएकाले वातावरणीय हिसाबले पनि यो लाभदायक मानिने सन्तपुरका रिक्सा व्यवसायी लालमणि गौतमको तर्क छ।

हाल चन्द्रपुर नगरपालिकामा संघमा दर्ता भएका र नभएका गरी चार सयको हाराहारीमा ई रिक्सा सञ्चालनमा रहेको रिक्सा संगठन चन्द्रपुरका अध्यक्ष अम्बर मिजारले जानकारी दिनुभयो। उहाँका अनुसार बढ्दो संख्याले व्यवस्थापन चुनौती पनि थपिएको छ। ट्राफिक व्यवस्थापन, पार्किङको अभाव र अनियन्त्रित सञ्चालनजस्ता समस्या देखिन थालेका छन्। स्थानीय सरकारले यसलाई व्यवस्थित बनाउन नीति तथा दर्ता प्रणाली प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिएको छ। पालिकाका प्रमुख सञ्जयकुमार काफ्लेले चन्द्रपुरमा ई–रिक्सा केवल यातायातको साधन मात्र नभई स्थानीय नागरिकका लागि आत्मनिर्भर बन्ने माध्यमका रूपमा स्थापित हुँदै गएको बताउनुभयो। विदेश जाने मोह घटाउँदै स्वदेशमै सम्भावना खोज्ने प्रवृत्ति बढ्नुले दीर्घकालीन रूपमा स्थानीय अर्थतन्त्रलाई समेत सुदृढ बनाउने अपेक्षा गरिएको उहाँ बताउनुहुन्छ।

# ढल्केबरस्थित जनकपुर रिफाइनरीमा आगलागी

**विजयकुमार साह**

ढल्केबर, ४ वैशाख। धनुषाको मिथिला नगरपालिका–७, ढल्केबरस्थित जनकपुर रिफाइनरी इण्डस्ट्रिजमा बिहीबार राति भीषण आगलागी भएको छ। राति करिब १० बजे उद्योगमा आगलागी हुँदा प्रारम्भिक अनुमानअनुसार करिब १५ करोड रुपियाँ बराबरको क्षति भएको उद्योगका प्रबन्धक सन्जय गुप्ताले जानकारी दिनुभयो। जनकपुर, महेन्द्रनगर र ढल्केबरबाट खटिएका पाँचवटा वारुणयन्त्र तथा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाको संयुक्त प्रयासमा करिब दुई घण्टापछि आगो नियन्त्रणमा आएको उहाँले बताउनुभयो।

आगलागीका कारण उद्योगमा रहेका स्टिम र थर्मोफुल गरी दुईवटा प्रसोधन मेसिनमा गम्भीर क्षति पुगेको प्रबन्धक गुप्ताले जानकारी दिनुभयो। दुवै प्रसोधन मेसिन पूर्णरूपमा प्रयोग गर्न नसकिने अवस्थामा पुगेका छन्, त्यस हिसाबले पनि करिब १५ करोड रुपियाँ बराबरको क्षति भएको उहाँको भनाइ छ। उहाँका अनुसार क्षतिको यकिन विवरण सङ्कलन गर्न अझै दुई–तीन दिन लाग्नेछ। इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीले आगलागीको कारण खुल्न नसकेको र घटनाबारे अनुसन्धान भइरहेको जानकारी दिनुभयो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।


तराई मधेशको लोकप्रिय पत्रिका मार्गानुगामी राष्ट्रिय दैनिक १३औं वर्षमा प्रवेश

हार्दिक शुभकामना



समाचारको प्रस्तुतीको फरक शैली, पाठकको मन जित्न सफल लोकप्रिय दैनिक मार्गानुगामी राष्ट्रिय दैनिक पत्रिका १२औं वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको छ। यसमा अवसरमा मार्गानुगामी दैनिक पत्रिका उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**बासुदेव पाठक**
प्रहरी उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, सिरहा

तराई मधेशको लोकप्रिय पत्रिका मार्गानुगामी राष्ट्रिय दैनिक १३औं वर्षमा प्रवेश

हार्दिक शुभकामना



समाचारको प्रस्तुतीको फरक शैली, पाठकको मन जित्न सफल लोकप्रिय दैनिक मार्गानुगामी राष्ट्रिय दैनिक पत्रिका १२औं वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको छ। यसमा अवसरमा मार्गानुगामी दैनिक पत्रिका उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**संजित कुमार लामा**
वडा अध्यक्ष
गोबलजार नगरपालिका वडा नं. ६

तराई मधेशको लोकप्रिय पत्रिका मार्गानुगामी राष्ट्रिय दैनिक १३औं वर्षमा प्रवेश

हार्दिक शुभकामना



समाचारको प्रस्तुतीको फरक शैली, पाठकको मन जित्न सफल लोकप्रिय दैनिक मार्गानुगामी राष्ट्रिय दैनिक पत्रिका १२औं वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको छ। यसमा अवसरमा मार्गानुगामी दैनिक पत्रिका उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**मनोज बनैता यादव**
सभापति
नेपाल पत्रकार महासंघ, शाखा सिरहा

तराई मधेशको लोकप्रिय पत्रिका मार्गानुगामी राष्ट्रिय दैनिक १३औं वर्षमा प्रवेश

हार्दिक शुभकामना



समाचारको प्रस्तुतीको फरक शैली, पाठकको मन जित्न सफल लोकप्रिय दैनिक मार्गानुगामी राष्ट्रिय दैनिक पत्रिका १२औं वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको छ। यसमा अवसरमा मार्गानुगामी दैनिक पत्रिका उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**शिव कुमार साह**
अध्यक्ष
प्रेस चौतारी नेपाल, शाखा सिरहा

# चोहर्वा नमुना माध्यमिक विद्यालयको शिक्षक–कर्मचारी विज्ञापन स्थगित, पालिकाले माग्यो स्पस्टिकरण

सिरहा, ४ बैशाख। सिरहाको गोलबजार ८ स्थित जनता माध्यमिक विद्यालय चन्द्रालपुरले ठूलो परिमाणमा गरेको शिक्षक तथा कर्मचारीको आवश्यकता सम्वन्धि विज्ञापन स्थगित भएको छ रित नपुर्याई निकालेको भन्दै पालिकाको शिक्षा शाखाले विज्ञापन स्थगित गरी स्पस्टिकरण माँग गरेको छ। शिक्षक भर्नासम्वन्धि कार्यकोलागि नगरपालिका र शिक्षा विकास तथा समन्वय इकाईसँग अनुमति/सहमति लिनुपर्ने प्रावधान छ। तर यो विद्यालयले सो प्रकृया पुरा नगरेकोले विज्ञापन स्थगितगरी स्पष्टिकरण माँग गरेको हो।




विद्यालयका प्रधानाध्यापक ब्रम्हदेव सिंहलेभने विद्यालयको कार्यविधिको आधारमा शिक्षक भर्ना सम्वन्धि विज्ञापन गरेको जिकिर गरेको छ। उनले निजी स्रोतबाट शिक्षक भर्ना गर्दा विद्यालय व्यवस्थापन समितिको निर्णयले गर्न सक्ने प्रावधान भएकाले आफूले सोही अनुसार गरेको बताए। उनले भने, 'नगर शिक्षा समितिले शुक्रबारै विद्यालयलाई कसको अनुमतिले शिक्षक भर्नाको लागि विज्ञापन गरेको भनेर स्पस्टिकरण सोधेको पत्र प्राप्त भएको छ। हामीले हाम्रो कार्यविधिलाई टेकेर विज्ञापन निकालेका हौं। अव शुक्रबार ३ बजे हामीलाई पत्र प्राप्त भयो। भोलि र पर्सि विदा भईहाल्यो। सोमबार नगरपालिकाकासँग छलफल गरेर कसरी अगाडी बढ्ने भन्ने विषयमा निर्णय लिन्छौं।'

आफ्नो आफन्तलाई जागिर खुवाउन विद्यालयको कार्यविधी देखाएर छल्न खोजेको भन्दै व्यापक विरोध भएको छ। आफ्नो–आफन्त भर्ना गर्नकै लागि छलेर त्यसरी विज्ञापन निकालिएको हो? भन्ने प्रश्नमा उनले 'आफू कतै कुनै पनि प्रकारले प्रभावमा परेका छैनौं। हामीले नियम अनुसा नै गरेको हो।' स्थानीय सत्ता र शक्तिको आडमा विद्यालय प्रशासनले नियम मिचेर विज्ञापन निकालेको जानकारहरुको भनाई रहेको छ। यस अघि पनि यस विद्यालयले व्यक्तिगत प्रभावमा परेर कुनै प्रकृया नै पुरा नगरेर ठूलो परीमाणमा शिक्षक कर्मचारीलाई काममा लगाएको छ। त्यसमध्ये कतिपय शिक्षकको शक्षक अध्ययन अनुमतिपत्र छैन। उनीहरुलाई नै 'सेटल' गर्न यो विज्ञापन गरेको स्थानीयको आरोप छ।

उनले विद्यालयको निजी स्रोतबाट शिक्षक राख्ने भएकोले त्यहाँ शिक्षक अध्ययन अनुमति पत्रको आवश्यकता पर्दैन भन्ने हाम्रो कार्यविधिमा उल्लेख भएको पनि जिकिर गरे। शिक्षा नियमाबलिले शिक्षणपेशाका लागि अध्ययन अनुमति पत्र अनिवार्य गरेको भएपनि प्रधानअध्यापक सिंहले पुनः दोहर्‍याए, 'हाम्रो कार्यविधिमा निजी स्रोतबाट राखिने करार, दैनिक ज्यालादारीका शिक्षकलाई लाईसेन्स अनिवार्य गरेको छैन।' शिक्षक भर्ना गर्न विद्यालयले नगरशिक्षा शाखासँग कुनै समन्वय नगरेको पालिकाका शिक्षा शाखा प्रमुखसमेत रहेका प्रशासकीय प्रमुख अधिकृत अनन्त पौडेलले जानकारी दिए। त्यहि भएर पालिले विज्ञापन स्थति गरेर स्पस्टिकरण माँगेको बताए।

# सार्वजनिक यात्रीवाहक सवारीसाधनमा २० दिनभित्र सिसीटिभी जडान गर्न प्रशासनको निर्देशन

सिरहा, ४ बैशाख। जिल्ला प्रशासन कार्यालय सिरहाले जिल्लाभएर सञ्चालन हुने लामो तथा छोटो दुरीको सार्वजनिक सवारी सधानहरुमा सीसीटीभी क्यामेरा जडान सूचना जारी गरेको छ। सार्वजनिक सवारीसाधनमा यात्रुहरूको सुरक्षालाई मध्यनजर गर्दै २० दिनभित्र सबै यात्रुवाहक सवारीसाधनमा अनिवार्य रूपमा सिसीटिभी क्यामेरा जडान सुचना जारी गरेको हो।

जिल्ला यातायात व्यवस्थापन समितिको निर्णयअनुसार सिरहा सदरमुकाम, लहान र मिर्चैयालगायत क्षेत्रबाट छुट्ने लामो तथा छोटो दूरीका सवारीसाधनमा यो नियम लागू हुनेछ। सार्वजनिक यातायातमा हुनसक्ने चोरी, दुर्व्यवहार र अन्य आपराधिक क्रियाकलाप नियन्त्रण गरी यात्रुलाई सुरक्षित महसुस गराउन यो कदम चालिएको प्रशासनले जनाएको छ।

जिल्ला प्रशासन कार्यालयका अनुसार तोकिएको २० दिनको समयसीमाभित्र सिसीटिभी जडान भए/नभएकोबारे यातायात व्यवस्था कार्यालय लहान र जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट नियमित अनुगमन गरिने जारी सूचनामा उल्लेख गरिएको छ। निमित्त प्रमुख जिल्ला अधिकारी चेतराज बरालद्वारा जारी गरिएको उक्त सूचनामा नियमको पालना नगर्ने सवारीसाधनलाई कारबाही गरिने उल्लेख गरिएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।
समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो।
छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

तराई मधेशको लोकप्रिय पत्रिका
मार्गानुगामी राष्ट्रिय दैनिक
१३औं वर्षमा प्रवेश
हार्दिक शुभकामना
समाचारको प्रस्तुतीको फरक शैली, पाठकको मन जित्न सफल लोकप्रिय दैनिक मार्गानुगामी राष्ट्रिय दैनिक पत्रिका १२औं वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको छ। यसमा अवसरमा मार्गानुगामी दैनिक पत्रिका उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।
रामभरोसी यादव
जिल्ला अध्यक्ष
प्रेस सेन्टर नेपाल, सिरहा



तराई मधेशको लोकप्रिय पत्रिका
मार्गानुगामी राष्ट्रिय दैनिक
१३औं वर्षमा प्रवेश
हार्दिक शुभकामना
समाचारको प्रस्तुतीको फरक शैली, पाठकको मन जित्न सफल लोकप्रिय दैनिक मार्गानुगामी राष्ट्रिय दैनिक पत्रिका १२औं वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको छ। यसमा अवसरमा मार्गानुगामी दैनिक पत्रिका उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।
निर्मला दाहाल
अध्यक्ष
नेपाल प्रेस युनियन, शाखा सिरहा



तराई मधेशको लोकप्रिय पत्रिका
मार्गानुगामी राष्ट्रिय दैनिक
१३औं वर्षमा प्रवेश
हार्दिक शुभकामना
समाचारको प्रस्तुतीको फरक शैली, पाठकको मन जित्न सफल लोकप्रिय दैनिक मार्गानुगामी राष्ट्रिय दैनिक पत्रिका १२औं वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको छ। यसमा अवसरमा मार्गानुगामी दैनिक पत्रिका उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।
रामकिशोर महतो
अधिकृत
जिल्ला हुलाका कार्यालय, सिरहा






GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

कला जोगाऔं, संस्कृति बचाऔं।

- कलालाई सिर्जनशील, राष्ट्रको परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
- चित्रकला, गीत–संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं,
- स्थानीय कलाकार तथा स्रष्टाहरूलाई प्रोत्साहन र सहयोग गरौं,
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
- सार्वजनिक स्थानहरूमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
- कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
- सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
- कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुर्‍याऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)